# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
## कुडिया ,नवलपरासी
## ५नं.प्रदेश, नेपाल

## बोलपत्र/सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७५/०९/२४**

यस कार्यालयबाट चालु आ.व. ०७५/७६मा संचालन हुने स्वीकृत कार्यक्रमहरु अन्तरगत तपसिलमा उल्लेखित कार्यहरु ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले आ.ब.२०७५/०७६ का लागी नविकरण भएको फर्म वा कम्पनीको ईजाजत पत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.ब.२०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलीपी समेतका प्रतिलीपीहरु संलग्न गरी नोटरी पब्लिकबाट प्रमाणित गराई कार्यालय समयभित्र निवेदन साथ संलग्न राखी बोलपत्र/सिलवन्दी दरभाउपत्र खरीद तथा दाखिला गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ।

*शर्तहरु :*

१. बोलपत्रको हकमा बोलपत्र फाराम सुस्ता गाउँपालिकाको कार्यालय,कुडिया नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयसम्म र सिलबन्दी दरभाउपत्रको हकमा १५ औं दिनको कार्यालय समयभित्र तोकीएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई कार्यालयबाट प्राप्त गर्न सकिने छ।

२. बोलपत्र/ सिलबन्दी दरभाउ पत्र खरीद गर्दा आ.व.०७५/७६ सम्म का लागी नवीकरण भएको ईजाजत पत्र, मुल्य अभिवृद्वी कर दर्ता प्रमाणपत्र र आ.व.०७४/७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

३. खरीद गरिएका बोलपत्र तथा सिलवन्दी दरभाउ पत्रहरु उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र / सिलवन्दी दरभाउ पत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण,ठेक्का विवरण प्रोप्राइटरको नाम,ठेगाना,फोन न.समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले क्रमश: ३१ औं तथा १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। म्यादभित्र प्राप्त हुन आएका बोलपत्र/सिलबन्दी दरभाउ पत्र सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र/दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. बोलपत्र/ सिलबन्दी दरभाउ पत्रको प्रत्येक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखीएको लाई मान्यता दिईने छ।

६. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्नेछ। बोलपत्र/सिलबन्दी दरभाउ पत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्वन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ। सिलबन्दी दरभाउपत्र/बोलपत्र दाताले आवश्यक ठानेमा कार्य स्थलको अवलोकन गर्न सक्नेछ।

७. बोलपत्र/सिलबन्दी दरभाउ पत्रसाथ जमानत वापतको तल उल्लेखित रकम सुस्ता गाउँपालिकाको कार्यालय,कुडिया नवलपरासीको रा.वा.बैंक परासी शाखामा रहेको धरौटी खाता ३१००३०३००७१०६ग-३ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको बोलपत्र/ सिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा क्रमश: १२० दिन र ७५ दिन म्याद भएको क वर्गका वाणिज्य बैंकबाट जारी भएको सक्कल बैंक जमानत(*Bid Bond*) संलग्न हुनुपर्नेछ। बोलपत्रको मान्य अवधि ९० दिन र सिलबन्दी दरभाउ पत्रको मान्य अवधि ४५ दिन हुनेछ।

८. कुनै पनि बोलपत्र/ सिलबन्दी दरभाउ पत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र बोलपत्र/ सिलबन्दी दरभाउ पत्र खरीद र दाखिला गर्न सक्नेछन्। यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ।

९. बोलपत्रदाताहरुसंग बोलपत्र सम्वन्धि कागजात प्राविधिक स्पेशिफिकेसन निर्माण स्थल वा अन्य यस्तै कुरा सम्वन्धि छलफल गर्नका लागि सूचना प्रकासित भएको मितिले एक्काईसौं दिनको ठिक २:०० बजे कार्यालयमा प्रि बिड मिटिङ्ग आयोजना हुनेछ।

१०. बोलपत्र/सिलबन्दी दरभाउ पत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ।

११. शर्त नपुगी वा म्याद नाघी आएका बोलपत्र//सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन।

१२. नेपाल सरकार वा गाउँपालिकाको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र/सिलबन्दी दरभाउ पत्रपुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१३. बोलपत्र/ सिलबन्दी दरभाउ पत्र स्वीकृत भइसकेपछि कबोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १२ महिना म्याद भएको परफरमेन्स बन्ड (*Performance Bond*)पेश गरी सम्झौता गर्नुपर्नेछ।

१४. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा गाउंपालिकाको आर्थिक कार्यविधी ऐन, २०७५अनुसार हुनेछ।

१५. बोलपत्र/ सिलबन्दी दरभाउ पत्र सम्वन्धि अन्य जानकारी चाहिएमा यस कार्यालय (फोन नं. ०७८-५०६००१) मा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१६. बोलपत्रको हकमा आवश्यक पर्ने *Qualification Criteria Bid Document*मा उल्लेख गरिएकोछ।

*बोलपत्र/सिलबन्दी दरभाउपत्र सम्बन्धि कार्यको विवरण*

| क्र.सं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई.रकम रु.(भ्याट र कन्टीन्जेन्सी बाहेक) | धरौटी रकम(रु.) | बोलपत्र/सिलबन्दी दरभाउ पत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | 01/SRM/ROAD/NCB/075-76 | बोलपत्र | बाटोमा कल्भर्ट तथा कालो पत्रे निर्माण ( वेलटाडी चोक देखि १५ नं. ठोक्कर जाने अधुरो बाटो) सुस्ता ४ नर्सही | २१४२८५८।०० | ६२५००।०० | ३०००।०० |
| २. | 02/SRM/ROAD/NCB/075-76 | बोलपत्र | बाटोमा कालोपत्रे निर्माण(७ नं. चोक देखि श्रीरामपुर जाने) सुस्ता ४ नर्सही | २५७५१६१।०० | ७५०००।०० | ३०००।०० |
| ३. | 03/SRM/ROAD/NCB/075-76 | बोलपत्र | बाटोमा कालोपत्रे निर्माण (बिर्ता गाउँ देखि बाँध सम्म) सुस्ता ४ नर्सही | २५७४१६०।०० | ७५०००।०० | ३०००।०० |
| ४ | 04/SRM/ROAD/NCB/075-76 | बोलपत्र | मोटर बाटो कालो पत्रेनिर्माण( पत्थरकला श्यामलालको घर देखि महातमको घर हुदै बनस्पती मन्दिर सम्म) सुस्ता ३ पत्थरकला | ३४३३२०६।०० | १०००००।०० | ३०००।०० |
| ५. | 05/SRM/ROAD/SQ/075-76 | सिलबन्दी दरभाउ | बाटोमा कालोपत्रे निर्माण (जरलैया देखि १२ नं. ठोक्कर सम्म) सुस्ता ४ नर्सही | ८५८३३१।०० | २५०००।०० | १०००।०० |
| ६. | 05/SRM/ROAD/SQ/075-76 | सिलबन्दी दरभाउ | बाटोमा कालोपत्रे निर्माण (नेपाली नहर देखि जनकल्याण स्कूल जाने बाटो) सुस्ता १ रुपौलिया | १४५८८३५।०० | ४२५००।०० | १०००।०० |

जिवलाल श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत